नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

# कार्यक्रम कार्यान्वयन एकाइ, सिन्धुली

फोन नं.०४७-५९०४८७
इमेल: pmamp.piu.sindhuli@gmail.com
वेबसाइट: piusindhuli.pmamp.gov.np

सुचना नं: २३

## आ.व. २०८२।०८३ को लागी अदुवाको उन्नत बीउमा अनुदान सहयोग कार्यक्रममा प्रस्ताव आव्हान सम्बन्धि सूचना

सुचना प्रकाशित मिती: २०८२/११/२८

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, सिन्धुलीको आ.व. २०८२।०८३ को वार्षिक स्विकृत कार्यक्रम अनुसार अदुवा बेसार जोन क्षेत्रमा कृषकहरुलाइ उन्नत बीउमा अनुदान सहयोग कार्यक्रम सञ्चालन गर्नको लागि यो १५ दिनको सूचना प्रकाशन गरिएको छ। यस कार्यक्रममा सूचिकृत कृषि समूह/सहकारी/संस्था/कृषि फर्म/कम्पनी तथा जल/वन उपभोक्ता/ कृषि उपज बजार समितिहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र अर्थात् मिति २०८२।१२।१२ गते भित्र यस कार्यालयमा तोकिएको ढाँचा (परियोजना कार्यान्वयन म्यानुअल २०७७, पहिलो संसोधन २०८१) अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै यस विषयमा थप जानकारीका लागि कार्यक्रम कार्यान्वयन एकाइ, सिन्धुलीको वेबसाइट www.piusindhuli.pmamp.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ वा यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

| क्र.सं | कार्यक्रमको नाम | एकाइ | लक्ष्य | स्विकृत बजेट (लाखमा) | कार्यक्रम अनुदान विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| अदुवा बेसार जोन | | कमलामाई नगरपालिका वडा नं. १ र २; मरिण गाउँपालिका वडा नं. २,६ र ७ र हरिहरपुरगढी गाउँपालिका वडा नं. २,३,४,५,६ र ७ | | | | |
| १ | कृषकहरुलाइ उन्नत बीउमा अनुदान सहयोग कार्यक्रम | पटक | १ | २.७ | बढिमा ५० प्रतिशत अनुदान | |

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

(१) रु. १० को टिकट सहित माग निवेदन ।

(२) कृषि समूह/सहकारी/जल/वन उपभोक्ता/कृषि उपज बजार समिति र कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।

(३) कार्यक्रम सञ्चालन हने स्थान (जग्गा जमिन) को स्वामित्व खुल्ने कागजातको प्रतिलिपी वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको र निर्माण पुर्वाधारको निम्ती कम्तीमा १० वर्षको सम्झौतानामा ।

(४) कृषक सहकारी/समिति/कम्पनी र समुहको हकमा अख्तियारी प्राप्त सदस्यको र कृषि फर्मको हकमा सम्बन्धित व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपी

(५) स्थायी लेखा नम्बर (PAN) दर्ताको प्रतिलिपी ।

(६) अघिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।

(७) कृषक सहकारी/समिति/कम्पनी र समुहको हकमा अघिल्लो आ.व लेखापरीक्षण प्रतिवेदन र कार्य समितिको निर्णयको प्रतिलिपी।

(८) सम्बन्धित वडा कार्यालयको कार्यक्रम दिन उपयुक्त हुन् व्यहोरा लेखिएको सिफारिस पत्र

(९) कार्यक्रम कार्यान्वयन एकाइबाट उपलब्ध गराइएको ढाँचामा लागत अनुमान सहितको कार्यक्रम प्रस्तावना ।

प्रदीप ठाकुर वरही

रा.प. द्वितिय (प्रा.)

**कार्यालय प्रमुख**